## आज भनि नभनिएको कुनै दिन केही कार्य गर्न सक्नुहुन्छ

परमेश्वरले तपाईलाई उहाँको पुत्र, येशुको रुपमा परिणत गर्न चाहानुहुन्छ । आजैबाट परिवर्तन गर्न सक्ने भेटले यो जीवन शुरु गर्न तपाईको लागि सम्भव छ । एउटा बुद्धिमान मानिसले एकचोटी भने कि हजारौ माइल टाढा पनि त्यही पहिलो कदमबाट नै शुरु हुँदछ । यदि तपाई पहिलो कदम चाल्न र प्रार्थना गर्न तयार हुनुहुन्छ भने, परमेश्वर यो परिवर्तनको प्रक्रिया आजैबाट शुरु गर्न इच्छुक हुनुहुन्छ ।अगाडी बढ्नुहोस् , परमेश्वरलाई भरोसा गर्ने मानिस जस्तै हुनुहोस् र बिश्वासलाई काममा उतार्नुहोस् ।

**आज भनि नभनिएको कुनै दिन पनि तपाई केही कार्य गर्न सक्नुहुन्न ।आजको दिन तपाईको हो । यसलाई अपनाउनुहोस् ।**

आजको प्रार्थना:

हे परमेश्वर, मलाई त्यस मानिस समान बनाउनुहोस् जोसित तपाई प्रशन्न हुनुहुन्छ र आजैबाट परिवर्तनको काम ममा गर्न शुरु गर्नुहोस् । तपाईले मेरो लागि राखिदिनुभएको उत्तम कुराको मार्गमा मलाई अगुवाई गर्दै हुनुहुन्छ र मसित हुनुहुन्छ भन्ने कुरा थाहा गर्दै जीवनका चुनौतीहरुलाई अंगाल्न मलाई सहायता गर्नुहोस् ।

आजको बाइबल खण्ड:

भजनसंग्रह ९५:७ कनभने उहाँ नै हाम्रा परमेश्वर हुनुहुन्छ, र हामी उहाँको खर्कका प्रजा र उहाका हातका भेडाहरु हौं । आज तिमीहरुले उहाँको शब्द सुन्यौं भने ।

रोमी १२:२ यस संसारको ढाँचामा नचल, तर आफ्नो मनमा नयाँ भई पूर्णरुपले परिवर्तित हौं, र परमेश्वरको असल,ग्रहणयोग्य र सिद्ध इच्छा के हो, त्यो तिमीहरुले जाँच्न सक ।

## हामीसित भएको कुराका साथ हामी के गर्दैछौ त्यसले हामी को हौ र हामी के विश्वास गर्दछौ भनी देखाउँछ

के तपाई यसै हो भनी भन्न सकिने ब्यक्ति हुनुहुन्छ ? एउटा ब्यक्ति त्यसको फलद्धारा थाहा गरिन्छ । अतःहामीले ऐतिहासिकरुपमा जीवनमा के गर्‍यौ त्यसको आधारमा न्याय गरिनु उचित हुन्छ । किन कसैले तपाईले बिगतमा सधैं गरि आउनुभएको कुरा भन्दा भिन्न कार्य गर्नुहुन्छ र प्रतिक्रिया जनाउनुहुन्छ भनी तपाईबाट अपेक्षा राख्ने ? कुराहरु ठिकसित नभईन्जेल पर्खनु उपयुक्त हुदैन ।

वर्तमानमा तपाईसित भएका कुराहरुसित तपाई कसरी व्यवहार गर्नुहुन्छ, त्यसले वास्तवमा नै हामी को हौं र हामी के विश्वास गर्दछौं भन्ने कुरा निर्धारण गर्दछ । यदि तपाई कुरासित सन्तुष्ट हुनुहुन्न भने, त्यसलाई बदल्नुहोस् । आजैबाट तपाईको जीवनको एउटा नयाँ अध्याय लेख्न शुरु गर्नुहोस् ।

आजको प्रार्थनाः

पिता, मलाई थाहा छ कि मेरो भविष्यको कटनीको लागि आज म बिउ छर्दैछु । धैर्य हुन,दयालु र वास्ता गर्ने हुन र मसित जे छ त्यो लिन, म जहाँ छु त्यहीबाट शुरु गर्न, अनि मैले गर्न सक्ने सबैभन्दा असल काम तपाईको लागि गर्न प्रभु,मलाई सहायता गर्नुहोस् ।

आजको बाइबल खण्डः

लुका १६:१० “जो थोरै कुरामा इमान्दार हुन्छ,त्यो धेरै कुरामा पनि इमान्दार हुन्छ र जो अति सानो कुरामा बेइमान हुन्छ, त्यो धेरैमा पनि बेइमान हुन्छ ।”

एफिसी ६:८ यो जानेर कि चाहे त्यो कमारा होस्,चाहे फुक्का,जसले असल काम गर्दछ, त्यसले प्रभुबाट सोही बमोजिम पाउनेछ ।

## क्षमादान दिने दाताले मोल चुकाउनुपर्छ, पुनःमिलाप नपाएको व्याक्तिको कर्तव्य हो

क्षमादान र पुनःमिलाप बीच त्यहाँ एउटा ठूलो भिन्नता छ। क्षमादान एउटा अधिकार हो। पुनःमिलाप भन्ने चाहि एउटा कर्तव्य ( जिम्मेवारी ) हो। हरेक बाधा दिने व्यक्तिसित तिनीहरुको अपराध क्षमा पाउने परमेश्वरबाट दिइएको अधिकार छ र हरेक बिश्वासीलाई परमेश्वरले क्षमा दिन आज्ञा गर्नुहुन्छ किनभने हामी आफै पनि हाम्रा अपराधहरुबाट क्षमा दिइएका छौं। तथापि, क्षमादान पुनःमिलापसित बराबर छैन। बाधा पुऱ्याउने पक्षले गरेको अपराधको जिम्मेवारी स्वीकार गरिसकेपछि हर सम्भवतः अर्थपूर्ण र वास्तविक पुनःमिलनको प्रयासले मात्र टुटेको सम्बन्धको पुनःमिलाप हुदँछ। एउटा पश्चातापी साँचो ह्रदय र चुर्णता यो कुराको चिन्ह हो कि अपराध गर्ने ब्यक्तिले क्षमा पाउनुको मूल्य बुझ्केको छ र त्यसरी नै भविष्यमा कहिल्यै भूल नगर्ने प्रतिज्ञा गर्दछन्। यदि तपाईको विरुद्धमा कसैले अपराध गरेको छ भने क्षमा दिनुहोस्। यदि तपाईले अपराध गर्नुभएको छ र क्षमा पनि पाइसक्नुभएको छ भने, तपाईको कर्तव्यलाई स्वीकार गर्नुहोस्। हरेक पुनःमिलनलाई सम्भव बनाउनुहोस् र फेरि त्यसप्रकारले भूल नगर्ने वाचा गर्नुहोस्। सम्भवतः तपाईले खराब बनाउनुभएको सम्बन्धलाई परमेश्वरले पुनःमिलाप हुन दिनुहुनेछ।

आजको प्रार्थनाः

प्यारो प्रभु, कृपया गरी अरुहरु जहाँ र जहिल्यै मेरो अपेक्षामा चुकेका छन् वा मेरो विरुद्धमा छन्, तिनीहरुलाई क्षमादिन मलाई अनुग्रह दिनुहोस्। यी भूल गर्नेहरुसित पुनःसम्बन्ध स्थापित गर्ने इच्छा मलाई दिनुहोस्।साथै पिता, मैले अपराध गरेका व्यक्तिअरुसित पुनःसम्बन्धमा स्थापित हुन नम्रतामा हर प्रयास गर्न मलाई अनुग्रह गरिदिनुहोस्। धन्यबाद। आमेन।

आजको बाइबल खण्डः

मत्ति ६:१४-१५ किनकी तिमीहरुले मानिसहरुका अपराध क्षमा गऱ्यौ भने तिमीहरुका स्वर्गमा हुनुहुने पिताले पनि तिमीहरुलाई क्षमा गर्नुहुनेछ। तर तिमीहरुले मानिसहरुका अपराध क्षमा गरेनौं भने तिमीहरुका पिताले तिमीहरुका अपराध क्षमा गर्नुहुनेछैन।

हितोपदेश १८:१९ किल्ला बन्दी गरिएको शहरलाई वशमा ल्याउनुभन्दा चित्त दुखाएको भाइलाई मनाउनु झन गाऱ्हो हो। र कलहहरुचाहिँ आग्लो लाएको किल्लाका ढोकाहरु जस्तै हुन्।

## हामी कोसित सम्बन्धित भन्ने कुराले हाम्रो भविष्य निर्धारण गर्न सक्दछ

नोहाका तीनजना बुहारीहरु नष्ट गर्ने जल प्रलयबाट जोगिए र एउटा नयाँ संसारको आमाहरु बने । तिनीहरुको नाम प्रख्यात हुनुमा के अभिप्राय छ ? एकदिन गरिएको साधारण निर्णय बाहेक अरु केही छैन । कससित मेरो जीवन सम्बन्धीत हुने भन्ने एउटा निर्णय मात्र । हरेक दिन मानिसहरु सहकार्य गर्ने, साझेदार हुने, प्रेम गर्ने, विवाह गर्ने र नजिकको मित्र हुने निर्णय गर्दछन् जुनले तिनीहरुलाई असल वा खराब, सफल वा असफल बन्नाका लागि प्रभाव पार्नेछ ।

हामी कससित सम्बन्धित छौं भन्ने कुराले हाम्रो भविष्य निर्धारण हुँदछ । यो कुरा पनि सत्य हो कि हाम्रो जससित सम्बन्ध छ त्यसलाई हामी प्रभाव पार्न सक्दछौं । फलामले नै फलामलाई या त तिखो वा बोदो पार्न सक्दछ । तपाई कससित सम्बन्धित हुनुहुन्छ ? यस सत्यको प्रकाशमा तपाईको सम्बन्धहरुलाई जाँच्नुहोस् ।

आजको प्रार्थनाः

प्रभु परमेश्वर, म प्रार्थना गर्दछु कि मैले कससित सम्बन्ध शुरु र निर्माण गर्ने भन्नेकुरा गर्दा सहि निर्णय लिन तपाईले अगुवाई गर्नुहोस् । बुद्धिमत्तापूर्ण तवरले मेरा मित्रहरु खोज्न मलाई सिकाउनुहोस् र तपाईको लागि हाम्रो उत्तम कुरा पाउन अरुहरुका लागि आवश्यक त्यस प्रकारको मित्र र सहयोगी बन्न मलाई सहायता गर्नुहोस् । प्रभु मलाई खराबबाट प्रवावित हुन जोगाउनुहोस् ।

आजको बाइबल खण्डः

१ कोरिन्थी १५:३३ भ्रममा नपर । खराब संगतले राम्रो चरित्रलाई नष्ट पार्छ ।

हितोपदेश ४:१४ दुष्टको मार्गमा खुट्टा नहाल अथवा दुष्ट मानिसको चालमा नहिड् ।

## जीवनको एउटा चक्र छ – कुराहरु शुरुवात र त्यही त्यसैको अन्त्य पनि हुर्दछ

जीवनको प्रत्येक विशेष समयमा हामीसित ती कुराहरु जुन बिगतमा हाम्रो लागि असल थियो, त्यसबाट अगाडि बढ्ने मौका छ, जसले हामीलाई यस क्षणमा ल्याई पुऱ्याएकोछ, अनि ती नयाँ कुराहरुलाई अंगाल्ने मौका पनि छ जसले हामीलाई यहाँबाट पनि अझ अघि बढाउँछ । जीवनको लागि राम्रोसित तयारी छ र यसको सबै जटिलताहरुका लागि तयारी गर्न, हामी आफैले यस शिक्षा सिक्नुपर्दछ र अरुहरुलाई पनि सिकानुपर्दछ ।

जीवनको एउटा चक्र छ – कुराहरुको शुरुवात हुदँछ र त्यसैको अनत्य पनि । सबै मानवजातिको लागि परमेश्वर यही नियम छ । तथापि, त्यहाँ एउटा कुरा जुन सधैंको रहिरहन्छ, त्यो परमेश्वरको वचन ।

आजको प्रार्थना:

हे प्रभु, मेरो जीवनको विशेष समयहरु थाहा गर्न सक्ने क्षमता दिने मलाई अनुग्रह दिनुहोस् । एउटै कुरालाई कतिखेर रोक्ने र अर्को कुरालाई कतिखेर थाल्ने भनी थाहा गर्न मलाई सिकाउनुहोस् । जीवनको परिवर्तनको क्षणमा मलाई शान्ति दिनुहोस् र मेरो महान दिनतर्फ मलाई लैजानुहोस् ।

आजको बाइबल खण्ड:

उपदेशक ३:१-२ सबै कुराका लागि समय छ, र आकाशमुनि सबै क्रियाकलापको बेला छः जन्मने एउटा समय छ , र मर्ने एउटा समय । रोप्ने एउटा समय छ, र उखेल्ने एउटा समय ।

१ पत्रुस १:२४,२५ किनकि सबै प्राणी घाँस जस्तै हुन र तिनका सबै गौरव घाँसका फूलजस्ता । घाँस ओइलाउछ, र फूल झरिहाल्छ, तर प्रभुको वचन सदा-सर्वदा रहिरहन्छ । अनि तिमीहरुलाई प्रचार गरिएको सुसमाचारको वचन यही हो ।

## जीवनको एउटा चक्र छ - कुराहरुको शुरुवात हुदँछ र त्यसको अन्त्य पनि जीवनको एउटा चक्र छ - आदिमा र अन्त्यको बीचमा, त्यहाँ उतार-चढावहरु पनि छन्

जीवनको गोरेटो आरामदायी र कठिनाईहरुले भरिएको छ; घुमाउरो र सिधा; अनि पहाड र समथलले पनि । युसूफ जस्तै, जन्म र मृत्यु बिचमा हामीले पनि असल र कठिन समयहरुको भागको अनुभव गर्नेछौं । यो तपाईको रोजाई होकि तपाईको ध्यान कुनचाहिँले खिच्छ । दृष्टिकोण नै सबै कुरा हो । गिलास आधा गरिएको छ वा आधा पानी छ ? यो तपाईको लागि समस्या हो कि अवसर हो ? तपाईले निर्णय गर्नुपर्छ ।

जीवनको एउटा चक्र छ - कुराहरुको शुरुवात हुदँछ र त्यसको अन्त्य पनि, अनि जीवनको एउटा अर्को पनि चक्र छ - आदिमा र अन्त्यको बिचमा, त्यहाँ उतार-चढावहरु पनि छन् । भ्रमित नहुनुहोस्, परमेश्वर उहाँको सिंहासनमा नै विराजमान हुनुहुन्छ ।

आजको प्रार्थना:

परमेश्वर, मलाई आपत्तको दिनमा हरेश खान नदिनुहोस् । घुम्तीको वरपर पहाडपछि, दिनको उज्यालोमा, तपाई आफ्नो सिंहासनमा नै विराजमान हुनुहुन्छ र हरेक कुरा मेरो भलाईको निम्ति हुन आउन छन भनी थाहा गर्न मलाई मद्दत गर्नुहोस् ।

आजको बाइबल खण्ड:

भजनसंग्रह ३४:१९ धार्मिक मानिसलाई धेरै बिपत्ति आइलाग्छन्, तर परमप्रभुले त्यसलाई ती सबैबाट उद्धार दिनुहुन्छ ।

भजनसंग्रह २७:१३ मलाई अझ पनि विश्वास छ कि जीवितहरुको देशमा परमप्रभुको उत्तमता म देख्नेछु ।

## त्यहाँ पनि जीवनको चक्र छ र त्यहाँ पनि जीवनको चक्र छ र जीवनको रहस्य पनि त्यहाँ छ - तपाईले जे रोप्नुहुन्छ त्यही कटनी पनि गर्नुहुन्छ

उत्पति १ अध्यायले जीवनको नियमको बारेमा भन्दछ कि सबै थोकहरुले आफूजस्तै उत्पादन गर्नेछ, सबै फलहरुमा आफ्नै जातको बीउ हुनेछ । एउटा बाली कटनी गर्नमा त्यहाँ कुनै लुकेको पक्ष वा अँध्यारो कुरा छैन । जुन परिणाममा कटनी गर्न चाहानुहुन्छ, त्यही परिणाममा बीउ छर्नुहोस्, पानी हाल्नुहोस्, गोडमेल गर्नुहोस्, अनि धैर्यपूर्वक फलको लागि पर्खनुहोस् । यो प्राकृतिक कुरामा मात्र सत्य नभई, तर आत्मिक कुरामा पनि लागु हुन्छ ।

जीवनको रहस्य यही हो कि तपाईले जे रोप्नुहन्छ त्यही कटनी गर्नुहुन्छ । जीवनबाट तपाई के चाहानुहुन्छ ? अरुहरु दयालु भएको, तपाईसित मित्रवत् व्यवहार गरेको, प्राथमिक आवश्यकताहरुद्धारा सहायता गरेको, अरुहरुबाट पहिचान गरिएको वा पदन्नोति गरिएको; उत्साह दिइएको; घरमा शान्ति भएको; ह्रदय आनन्दित भएको; तपाईको भविष्यको लागि पैसा, के चाहियो ? रोप्नुहोस् ।

आजको प्रार्थना:

प्रभु, मलाई ती स्थानहरु जहाँ म कटनी गर्न चाहन्न, त्यहाँ मैले रोपेका बीउहरु मलाई देखाइदिनुहोस् र ती चुकेका क्षेत्रहरुमा मलाई छर्न दिनुहोस् । तब प्रभु, मेरो जीवनको बगैंचामा एउटा नयाँ बीउहरु रोप्ने समय र बुद्धि दिनुहोस् । प्रभु, मलाई याद दिलाउनुहोस् कि प्रत्येक विचार, शब्द र कार्यसित म, मेरो र मेरो परिवारको भविष्यको लागि रोप्दैछु ।

आजको बाइबल खण्ड :

उत्पति ८:२२ पृथ्वी रहुन्जेल बीउ छर्ने र फसल काट्ने समय,जाडो र गर्मी, ग्रीष्म र शिशिर, र दिन अनि रातको अन्त हुनेछन ।

एफिसी ६:८ यो जानेर कि चाहे त्यो कमारा होस्, चाहे फुक्का, जसले असल काम गर्दछ, त्यसले प्रभुबाट सोबमोजिम पाउनेछ ।

गलाती ६:७ धोखामा नपर, परमेश्वरको ठट्टा हुदैन, किनभने मानिसले जे रोप्दछ त्यसैको कटनी पनि गर्नेछ ।

## एउटा क्षणिक परिस्थितिलाई लिएर, त्यसलाई एउटा चिर समस्या नबनाउनुहोस्

दैनिक जस्तो हामीसित जीवनको साना-तिना चुनौतीहरुसित हतास हुने अवसरहरु हुन्छन् । हामी सबैले घरमा, स्कुलमा, काम गर्ने ठाँउमा, साथीहरुसितबाट दबाबको सामना गर्नुपर्दछ । यी निरन्तरको हतासहरुसित राम्रोसित व्यवहार गरिएन भने, यसले समाल्न नै नसकिने दबाब दिन्छ ।

विवाहलाई उदाहरणको रुपमा लिदाँ धेरै दम्पतीहरु अति नै सानो मतभेदबाट सुरु भएको मिल्न नै नसक्ने भिन्नताका कारण छुट्टिने र पारपाचुके गर्दछन् । एउटा व्यस्त जीवन र आत्मा नियन्त्रणको कमीले तीलबाट विशाल पहाड हुन नदिनुहोस् । एउटा क्षणिक परिस्थितीलाई लिएर, त्यसलाई एउटा चिर समस्या बनाउने आद्दत नगर्नुहोस् । बरु सट्टामा, प्रार्थना गर्नुहोस् र जीवनलाई त्यसको सही दृष्टिकोणमा राख्नुहोस् ।

आजको प्रार्थनाः

प्रभु, आज फेरी एकपटक मलाई तपाईको सहायता चाहिएको छ । जीवनको दैनिक दबाबहरु र समस्याहरुका कारण हतास हुन मलाई नदिनुहोस् । मलाई आत्मनियन्त्रण गर्न सिकानुहोस् र मलाई प्रभाव पार्ने सबै कुराहरु मेरो बारेमा होइन भन्ने कुरा याद दिलानुहोस् । एउटा निर्माण गर्ने व्यक्ति मलाई बनाउनुहोस् तर नष्ट गर्न होइन,अनि मलाई एउटा वृहत तस्वीर हेर्न मद्दत गर्नुहोस् ।

आजको बाइबल खण्डः

गलाती ५:२२-२६ तर पवित्र आत्माका फल चाहिँ प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाई, विश्वस्तता, नम्रता, संयम हुन् । यस्ता कुराहरुका विरुद्धमा कुनै व्यवस्था छैन । तर तिनीहरु, जो खीष्ट येशूका हुन्, तिनीहरुले पाप स्वभावलाई त्यसको वासना र लालसा सहित क्रुसमा टाँगिदिएका छन् । हामी पवित्रआत्माद्धारा जिउँछौ भने आत्माकै अनुसार हिडौं । हामी अंङकारी नहोऔं, एउटाले अर्कालाई रिस नउठाऔं, र एउटाले अर्कालाई ईर्ष्या नगरौं ।

# पैसा कमाउनुहोस्, जीवन जिउनुहोस्, एउटा मित्रता बनाउनुहोस्

केही मानिसहरु पैसा कमाउन यतिका समय खर्चन्छन् कि तिनीहरु जीवन जीउन नै बिर्सन्छन् । तिनीहरुको आम्दानी ठूलो हुन्छ र काममा र समुदायमा तिनीहरुको सम्मानीय ओहदा पनि हुन्छ तर तिनीहरुको नानीहरुले, आमा-बाबुले र मित्रहरु समेतले तिनीहरुलाई नै चिँन्दैनन् । अरुहरु पनि छन् जोहरु जीवनमा पैसा कमाउन र सामान खरिद गर्नु भन्दा बाहेक अरु कुराहरु छन् भनी महशुस गर्दैन् । तिनीहरुले कमाएको पैसाबाट जीवन निर्माण गर्न समय र शक्ति तिनीहरु खर्चन्छन् । तर त्यही नै जीवनको अन्त्य भने हुदैन ।

परमेश्वरले हामीलाई उद्देश्यसहित बनाउनुभएको छ । हामी पैसा कमाउन र जीवित हुन वचन र आत्मा दुवैबाट अभिप्रेरित छौं ताकि हामी एउटा मित्रता बनाउन सकौं । वास्तविक र स्थायी मित्रता बनाउनका लागि तपाई के गर्दैहुनुहुन्छ ?

आजको प्रार्थना:

प्रभु, जीवनको प्रमुख महत्वका कुराहरु मलाई देखाउनुहोस् । तपाईको वचनबाटको सिद्धान्त अपनाउन र एउटा ठूलो मित्रता बनाउन मलाई सिकानुहोस् । कहिले हुन्छ र कहिले हुन्न भनी भन्ने थाहा गर्न मलाई मद्दत गर्नुहोस् । मलाई गलत दौड दौड्नबाट जोगाउनुहोस् र मेरो महान दिनतिर अगुवाई गर्नुहोस् ।

आजको बाइबल खण्ड :

२ थिस्लोनिकी ३:१० ”तिमीहरुका साथमा हुँदा हामीले तिमीहरुलाई यो आज्ञा दिएका थियौं, कसैले काम गर्दैन भने त्यसले नखाओस् ।“

१ तिमोथी ५:८ यदि कसैले आफन्तहरुको र विशेषगरी आफ्नै परिवारको पालनपोषण गर्दैन भनेता त्यसले विश्वासलाई इन्कार गर्दछ, र विश्वास नगर्नेहरु भन्दा पनि खराब हुन्छ ।

मत्ति ६:२०-२१ तर आफ्नो निम्ति स्वर्गमा धन-सम्पति थुपार, जहाँ किराले वा खियाले नष्ट पार्दैन, र चोरले पनि चोर्दैन । किनकि जहाँ तिम्रो धन हुन्छ, त्यहीँ तिम्रो मन पनि हुन्छ ।

# पछाडि देखाउने ऐना भन्दा किन हावा छेक्ने ऐना धूलो हुन्छ भन्ने कुरामा त्यहाँ एउटा कारण छ

मलाई भनियो कि जब एउटा वेसबल खेलाडी ब्याटिङ गर्न आउँछ, उसको ठूलो चुनौती बल फ्याँक्ने व्यक्ति नभई तर उसको आफ्नै ब्याटिङ गर्ने क्षमताको औसत हो । यदि उसले गएको पटक होम रन हिर्काएको छ भने, उसबाट यस पटक पनि त्यही गर्ने विषमता र अपेक्षाहरुको दबाब हुन्छ । यदि उ पछिल्लो पटक ब्याटिङ गर्दा आउट भएको छ भने, त्यो दोहोऱ्याउने डर उसभित्र हुन्छ । बिटिङ गर्ने व्यक्तिको मनमा एउटा ठूलो चुनौतीले स्थान लिन्छ, त्यसैगरी त्यही प्रकारले बल फ्याँक्ने व्यक्तिमा पनि लागु हुन्छ । हाम्रो विगतको कार्य चाहे खराब होस् वा उत्कृष्ट, त्यसले हामीलाई तब सिमित बनाउन सक्दछ जब हामी हाम्रो भविष्यमा त्यति केन्द्रित नभई हाम्रो विगत तिर केन्द्रित हुँदछौं ।

पछाडि देखाउने ऐना भन्दा किन हावा छेक्ने ऐना ठूलो हुन्छ भन्ने कुरामा त्यहाँ एउटा कारण छ । निश्चय नै हामी कहाँ गएका थियौंभन्ने कुराको एक झलक र सानो तस्वीरको दृष्टिकोण हामीसित हुनु आवश्यक छ, तर ठुलो सार्मथ्य भन्ने अझै अघि छ । तपाईको विगतले तपाईको भविष्यलाई निर्धारण गर्नबाट रोक्नुहोस् । शिर उचाल्नुहोस्, तपाईका आँखाहरु खोल्नुहोस्, अनि भविष्यतिर हेर्नुहोस् । तपाईको महान दिन आउन अझै बाँकी नै छ ।

## आजको प्रार्थना:

पिता, मेरो विगतका सफलताहरु र असफलताहरुमा भरोसा राख्न धेरै समय म खर्च नसकूँ । म पछाडिको समयतिर फर्कन सक्दिन र मेरा भोलीहरुलाई बदल्न वा रोक्न सक्दिन । म वा अरुहरु जहाँ चुकेका छौं, हामीलाई क्षमा दिनुहोस् । मलाई भविष्यको दृष्टिकोण र योजना दिनुहोस्, अनि मैले गर्ने सबै कुराहरुमा मलाई दोहोऱ्याउनुहोस् ।

## आजको बाइबल खण्ड:

फिलिप्पी ३:१३ भाइ हो, मैले यी सब पकिराखेको छु भनी म भन्दिन, तर एउटा काम म गर्दछु, कि पछाडिका कुराहरु बिर्सेर र अगाडिका कुरामा जोडसँग लम्कन्छु ।

फिलिप्पी ४:१३ जसले मलाई शक्ति दिनुहुन्छ, उहाँमा नै म सब कुरा गर्न सक्छु ।

# यात्रा तपाईको मित्र हो

यात्रा नै हो जसले हामीलाई गन्तब्यको धारणशक्तितिर कार्य गर्न तयार बनाउँदछ । जीवनको हरेक दिनको चुनौतीमा महान नबनी, वास्तविक असाधारण मौकाहरु जुन हामी कहाँ अहिले र पछि आउँछ, त्यसको लागि कहिल्यै योग्य हुदैंनौ । जीवनको दैनिक यात्रा, यसका साधारण संघर्षहरु र विरक्तिहरुका साथ, जीवनको ठूलो जाँचको लागि हाम्रो आत्माले तयारी गर्न अभ्यास गर्नुपर्दछ ।

न यूसुफ, न दाऊद, न रुथ, न एस्तर, पत्रुस वा पावल कोही पनि जीवनको लक्षित भूमिका पूरा गर्न तयारी गर्न सक्दथे जुन यात्राको टुटाउने र छाप छोड्ने दबाब जसले तिनीहरुलाई त्यहाँ पुऱ्यायो, त्यही हुन सक्दथ्यो । यात्रा तपाईको शत्रु होईन, .... यो तपाईको मित्र हो । गुनासो पोख्न बन्द गर्नुहोस् र वृद्धि हुन शुरु गर्नुहोस् ।

आजको प्रार्थना:

प्यारो परमेश्वर, मेरो यात्राको बारेमा रिसाएका र गुनासो पोखेका समयहरुका लागि दुखित छु । मलाई थाहा छ कि तपाईसित मेरो जीवनको लागि योजनाहरु छन् र सबै कुरा भलाईमा परिणत हुँदछन् । मेरो यात्रालाई बुझ्न मद्दत गर्नुहोस्, यसमा टिकिरहन र सामर्थ्यवान हुन अनुग्रह गर्नुहोस् । तपाई कुमाले हुनुहोस् र म तपाईको माटो हुनेछु ।

आजको बाइबल खण्ड:

यर्मिया २९:११ “किनभने जुन योजना मैले तिमीहरुका निम्ति बनाएको छु, ती म जान्दछु,” परमप्रभु भन्नुहुन्छ । ती तिमीहरुका उन्नतिका निम्ति हुन् । नोक्सानीको निम्ति होइनन्, तिमीहरुलाई आशा र भविष्य दिनलाई ।

रोमी ८:२८ हामी जान्दछौं, उहाँलाई प्रेम गर्नेहरु र उहाँका अभिप्राय अनुसार बोलाइएकाहरुका निम्ति हरेक कुरामा परमेश्वरले भलाइ नै गर्नुहुन्छ ।

## अन्धकारलाई सराप्नुले केही परिवर्तन ल्याउदैन .... बत्ती बाल्नुहोस्

मानिस र योजनाहरुमा भएका निश्चित गल्तीहरु पहिचान गर्न र गुनासो गर्न कुनै कलाकौशलता चाहिदैन । हाम्रो वातचितको आधार हुन निराशालाई स्थान दिने मोह हुन्छ । यो अभ्यास स्वस्थ्य सम्बन्धहरु प्रतिउत्पादन गर्ने र समस्या हल गर्ने हुन्छ ।

इस्रायलीहरुले सबै कुरा जुन तिनीहरुलाई मन पर्दैन्थ्यो वा तिनीहरुले चाहे जस्तो थिएन, त्यसको बारेमा गन-गनाउने र गुनासो पोख्ने एउटा खराब आद्दतलाई विकसित गरेका थिए । चाँडै तिनीहरुका अगुवाहरुका हरेक निर्णयहरुको विरोध भयो र प्रगति ठप्प भयो । अन्धकारलाई सराप्नुले केही परिवर्तन ल्याउँदैन...बत्ति बाल्नुहोस् । हाम्रो राम्रो विचारसित हामीले के गर्नु आवश्यक छ भने यसलाई एउटा हलको रुपमा प्रस्तुत गर्नुपर्दछ । यदि हामीसित कुनै हाम्रो विचार छैन भने, हामीले जससित त्यो विचार छ उसको पक्षमा सहायता गर्नुपर्दछ ।

आजको प्रार्थना:

हे प्रभु, मेरो भरोसा तपाईमा राख्दछु । मलाई गुनासो पाख्ने व्यक्ति हुन नदिनुहोस् । मलाई विचारहरु र उत्तरहरुले प्रेरित गर्नुहोस् जसले कुराहरुलाई राम्रो बनाउन सक्दछ र त्यसपछि मलाई श्रोताहरु र मेरा उत्कृष्टतालाई र अनुपमतालाई मान्यता दिने व्यक्तिहरु दिनुहोस् ताकि म तिनीहरुलाई विना कुनै धम्की मबाटको असल कुरा दिन सकुँ । मलाई त्यस प्रक्रियाको लागि मूल्यवान ( महत्वको) बनाउनुहोस् ।

आजको बाइबल खण्ड

फिलिप्पी २:१४ गनगन अथवा बाद-विवाद नगरी सबै काम गर्दैजाऔं ।

लूका २१:१५ किनभने म तिमीहरुलाई यस्तो बोल्ने मुख र बुद्धि दिनेछु, कि तिमीहरुका विरोधीहरुले प्रत्युउत्तर दिन सक्नेछैनन्, अनि खण्डन गर्न पनि सक्नेछैनन् ।

भजनसंग्रह ११९:१११ तपाईका कानुनहरु सदाकालको निम्ति मेरा मूल्यवान् सम्पति भएका छन् । तिनले मेरो ह्रदयलाई हर्षित तुल्याउँछन् ।

## मानिसले परमेश्वरको चाल पर्खदा,परमेश्वरले मानिसको चाल पर्खनुहुन्छ

ध्यान पुऱ्याउनु पर्ने कुनै कुरालाई बेवास्था गर्नाले मात्र कुरा त्यतिकैमा टल्दैन । न त केही कुरा उहाँमा जुन तपाईले परमेश्वरलाई सहायता पुऱ्याएको परमेश्वर चाहानुहुन्छ, त्यस कुरा परमेश्वरमा छाडिदिनाले नै त्यो कुरा त्यतिकै टलिजान्छ । २ राजाहरु ७ अध्यायका चार कुष्ठरोगीहरु जस्तै, समस्यामा रहिरहनाले मात्र  समस्या हल हुदैन । परमेश्वर यस जीवनको यात्रामा उहाँसित सहभागी हुनका लागि माग गर्नुहुन्छ । शत्रुहरुसित लडाँई गर्दै अघि नबढेसम्म हामीले विजयको कहिल्यै स्वाद चाख्दैनौं ।

मानिसले परमेश्वरको कामलाई पर्खिबस्दा, परमेश्वरले मानिसको कदमलाई पर्खनुहुन्छ । परमेश्वर हाम्रो सबैभन्दा सानो कामलाई स्वीकार्न र त्यसलाई सफलतामा परिणत गर्न सक्षम र इच्छुक हुनुहुन्छ । हामीले जे रोपेका छौं त्यही कटनी गर्ने हुदाँ, हामी सुन्न मात्र नभई परमेश्वरको वचन अनुसार गर्ने हुनु पनि पर्छ ।

### आजको प्रार्थना:

पिता, म तपाईको वचन सुन्ने मात्र नभई गर्ने व्यक्ति पनि हुनको लागि इच्छा गर्दछु । काम गर्नको लागि तपाईको भरोसा योग्यको व्यक्ति बन्न सहायता गर्नुहोस् । अघि बढ्न र काममा सक्रिय हुनका लागि चाहिने जानकारी, प्रेरणा र उत्साह मलाई दिनुहोस् । आजैबाट तपाईको पवित्रआत्मा सितको सहकार्य गर्ने व्यक्ति मलाई बनाउनुहोस् ।

### आजको बाइबल खण्ड

२ राजा ७:३ अब त्यस शहरको मूलढोकानिर बस्ने चारजना कुष्ठरोगीहरु थिए । तिनीहरुले आपसमा भने, हामी यहाँ नमरुन्जेल किन बस्ने ?

याकूब १:२५ तर त्यो मानिस जसले स्वतन्त्रता दिने शुरु व्यवस्थालाई हेर्दछ र यसैमा लागि रहन्छ, अनि सुनेर बिर्सिहाल्ने होइन तर काम गर्ने पनि हुन्छ, त्यसले चाँहि आफूले गरेको काममा आशिष पाउनेछ ।

## एउटा उत्तराधिकारी विना कुनै दिगो सफलता कायम रहिरहदैन

तपाईले चित्र भएका सबै किन भर्ने र चिहानमा तपाईसँगै जाने ? जीवन भनेको एउटा अर्कामा भर पर्ने दौड हो, एउटा सामूहिक खेल जसमा कुनै पनि एउटा प्रतिस्पर्धीले टीमविना सफलता हाशिल गर्न सक्दैन । यसमा हरेक सहभागीको अर्को ल्यामको लागि धावक खडा गर्ने र त्यसपछि आफैं दौड्न सक्षम हुँदैमा अर्को हातको पास दिने लौरो उसपछिको धावकलाई दिने जिम्मेवारी हुन्छ ।

यी दिनहरुमा एक व्यक्तिको सफलतामा अति धेरै जोड दिइएको कारण, हाम्रो समाजमा डाह,इर्ष्या र लालच व्याप्त भएको देख्नु कुनै आश्चार्यको कुरो होइन । एक कदम पछाडि हटाउनुहोस्, अनि विचार गर्नुहोस् । तपाईको स्थायी सफलता के हुनेछ ? चेला भेट्टाउनु हो । एउटा प्रशिक्षक बन्नुहोस् । अर्को ल्यामको लागि एउटा सक्षम धावक खडा गर्नुहोस् । पास गर्ने लौरो दिइहाल्नुहोस् । एउटा उत्तराधिकारी बिना कुनै दिगो सफलता कायम रहिरहदैन ।

आजको प्रार्थना:

पिता, मलाई त्यो व्यक्ति दिनुहोस् , जसमाथि म लगानी गर्न सक्दछु । मलाई एउटा प्रशिक्षक हुन मद्दत गर्नुहोस् । जीवन र अन्नतताको बारेमा मैले थाहा गरेका कुराहरु दिन चाहिने शीपहरु दिनुहोस् , ताकि मपछि मेरो स्थान लिने व्यक्तिलाई म त्यो मैले थाहा गरेका कुराहरु दिन सकुँ । आज नै सकारात्मक रुपले कसैको जीवनलाई प्रवाहित गर्न मलाई सहायता गर्नुहोस् ।

आजको बाइबल खण्ड:

मत्ति २८:१८-२० तब येशू तिनीहरुकहाँ आएर भन्नुभयो, " स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ । यसकारण जाओ, र सबै देशका जातिहरुलाई चेला बनाओ, पिता,पुत्र र पवित्रआत्माको नाउँमा तिनीहरुलाई बप्तिसमा देओ, मैले तिमीहरुलाई आज्ञा गरेका सबै कुरा पालना गर्न तिनीहरुलाई सिकाओ । हेर, म युगको अन्त्यसम्म सधैं तिमीहरुका साथमा छु ।

२ तिमोथी २:२ धेरै जना साक्षीहरुका उपस्थितिमा तिमीले मबाट जे कुरा सुनेका छौ, ती अरुहरुलाई पनि सिकाउन सक्ने विश्वासयोग्य मानिसहरुलाई सुम्पिदेऊ ।

# परमेश्वरसित एउटा योजना छ, उहाँले त्यसलाई पूरा गर्नुहुन्छ; हामीसित सहभागी हुने एउटा अवसर छ

पोतिफरको घर झ्यालखानाको खाड्लदेखि राजमहलसम्म, युसूफ, परमेश्वरको उनको जीवनको लागि योजना भन्दा कहिल्यै बाहिर थिएनन् । दाऊद पनि, परमेश्वरले उनलाई भन्नुभए झै इस्रायलको राजा हुन एउटा लामो र अप्ठ्यारो बाटो हिँडे । समस्या र वेदनाको समयमा हाम्रो दुःखबाट केही असल कुरा आउन सक्दछ भनी कल्पना गर्नु गाऱ्हो हुनसक्छ ।

तैपनि, यदि हामी खीष्टका हुन्छौ भने, हामीले परमेश्वरसित एउटा योजना छ र उहाँले त्यो पूरा गर्नुहुन्छ अनि उहाँको योजनामा सहभागी हुने एउटा अवसर हामीसित भएकोमा धन्यवादी हुनुपर्दछ भनी विश्वास गर्नुपर्दछ । हाम्रो व्यक्तिगत संघर्षले सर्वशक्तिमान परमेश्वरको अन्नतको योजनालाई हलुको रुपमा लिन हामी सक्दैनौ । जीवनको कठिन परिस्थितिहरु सामना गर्दा हाम्रो परमेश्वरतिरको सही प्रतिक्रिया भने खाली भरोसा गर्ने र आज्ञा पालन गर्ने मात्र हो ।

आजको प्रार्थनाः

परमेश्वर, मैले कसरी मेरो परिवार र भविष्यको लागि तपाईको योजनाको जटिलताहरुलाई बुझ्न शुरु गर्ने ? यी कुराहरुको लागि म प्रार्थना गर्दछु; म र मेरो प्रियजनहरुका लागि दयालु हुनुहोस् , हामी तपाईको हातमा भएको केवल माटो र व्यर्थको कुरा हौं भनी मात्र सम्झनुहोस् । हामीलाई दुष्टबाट जोगाउनुहोस् र तपाईको महिमाको लागि प्रयोग गर्नुहोस् । सदा झै मेरो इच्छा होइन तर तपाईको इच्छा पूरा होस् ।

आजको बाइबल खण्ड

उत्पति ४५:८ यसैले मलाई यहाँ पठाउने तिमीहरु होइनौं, तर परमेश्वर नै हुनुहुन्छ । उहाँले मलाई फारोका बाबुतुल्य र अर्का सारा परिवारका प्रभु र मिश्रभरिका अधिपति तुल्याउनुभएकोछ ।

मत्ति २६:३९ अनि उहाँले अलि अगाडि गएर लम्पसार परि प्रार्थना गर्नुभयो, " हे मेरा पिता, हुन सक्छ भने, यो कचौरा मबाट हटोस् । तरै पनि मैले इच्छा गरेबमोजिम होइन, तर तपाईले इच्छा गर्नुभएबमोजिम होस् ।

# जीवनका धेरै चुनौतीहरु केवल सत्यताहरुको सामना गर्ने र सत्य बताउनाले मात्र पनि समाधान गर्न सकिन्छ

तथ्यहरु कुरुप, महङ्गो वा निराशाजनक हुनसक्छ अनि तपाईलाई दोष पनि लगाउन सक्छ । पूर्ण नजिकता पाउनका लागि भएतापनि हामीले तथ्यहरुको सामना गर्नुपर्छ र साँचो बताउनुपर्छ ..... तपाईको विचारबाटको सत्यता होइन, तर परमेश्वरको विचारबाटको सत्यता ।

निश्चय नै जीवन कठिन हुनसक्दछ; हामीले त्यसलाई अस्त-ब्यस्त गर्न सक्दछौं; अरुहरुले हामीलाई पराजित गर्न सक्दछ, हामी आफैलाई आफूले पराजित गर्न सक्दछौं । तर अरुहरु अविश्वास योग्य भएको समयमा पनि परमेश्वर विश्वासयोग्य हुनुहुन्छ । उहाँसित तपाईको लागि शब्द छ, एउटा शब्द तपाईको वर्तमान परिस्थितिको लागि जुन सिधै बाइबलबाट आउँछ । तपाईले तथ्य कुराहरुको सामना गर्न सक्नुहुन्छ र तपाइको जीवनमा परमेश्वरको वचन घोषणा गर्न सक्नुहुन्छ ।

आजको प्रार्थना:

पिता, मलाई थाहा छ कि तपाई मलाई प्रेम गर्नुहुन्छ र तपाईको प्रेमको अन्त्य छैन । मलाई तपाईको वचन सिकानुहोस् । यसमा मेरो आफनै विचारहरुमा वा अरुहरुको भनाईमा भन्दा बढी भरोसा गर्ने विश्वास दिनुहोस् । मेरा शत्रुहरुसित तपाईको आत्माको तरवारका साथ युद्ध गर्दै गर्दा, मलाई विश्वासमा सत्य बोल्न साहस दिनुहोस् ।

आजको बाइबल खण्ड:

यूहन्ना १७:१७ तिनीहरुलाई सत्यमा पवित्र पारिदिनुहोस्, तपाईको वचन सत्य हो ।

एफिसी ६:१७ मुक्तिको टोप लगाओ, र पवित्रआत्माको तरवार लेओ, जोचाँहि परमेश्वरको वचन हो ।

हिब्रु १०:३५ त्यसकारण आफ्नो यो भरोसा नत्याग, जसमा ठूलो इनामको प्रतिफल छ ।

# ठिक कुरा गर्दा तपाईले तत्कालको लागि मूल्य चुकाउनुपर्नेछ, तर त्यो नगर्दा सदाको लागि चुकाउनु पर्ने हुन्छ

के तपाईले कहिल्यै एउटा आत्मा जुन सदाको लागि बचाइनमा अति ढिलो भएको छ, त्यसको एक सेकेण्डपछि नै के हुन्छ होला भनी अचम्भित हुनुभएको छ ? मानिसहरुले धेरै कारणहरु दिन्छन् कि किन उनीहरुलाई ठिक छ भन्ने थाहा गरेका कुरा गर्न पनि छोड्छन । यी सबै वहाना-बाजीहरु एउटा ठिक इच्छा गर्दा त्यससित आउने तत्कालैको मूल्यलाई रोक्ने एउटा प्रयाससित ब्यवहार गर्दछ ।

तिनीहरु ठिक छन् । ठिक कुरा गर्दा तपाईले मूल्य चुकाउनुपर्छ । अहिल्यै तिर्नुपर्ने मोल त्यहाँ हुन सक्ला । तथापि, सत्य कुरा गर्नलाई पर्खदा अरु बढी तपाईले मूल्य चुकाउनु पर्नेहुन्छ । हामीले या त हाम्रो भविष्यको लागि अहिलेको मूल्य चुकाउनु पर्नेहुन्छ अथवा हाम्रो वर्तमानको लागि भविष्यको मूल्य चुकाउनु पर्नेहुन्छ । रोजाई तपाईको हो ।

आजको प्रार्थना:

हे प्रभु, मबाट डरलाई हटाईदिनुहोस् अनि काम कार्यवाहीलाई स्थगित गर्ने आत्माबाट छुट्कारा दिनुहोस् । अस्थाई मूल्यहरु मध्ये पनि ठिक निर्णयहरु गर्न मलाई सहायता गर्नुहोस् । सम्झौताहरुको विरुद्धमा बलियोसित खडा हुन र नतिजाको डर नमानी विश्वासयोग्य हुन मलाई सामर्थ्य दिनुहोस् ।

आजको बाइबल खण्ड:

एफिसी ४:१५ बरु प्रेमसित सत्य बोल्दै हरेक कुरामा हामी उहाँसम्मै अर्थात खीष्टसम्मै बढ्दैजाऔं, जो शिर हुनुहुन्छ ।

मर्कुस ८:३५ किनकि जसले आफ्नो प्राण बचाउने इच्छा गर्दछ, त्यसले त्यो गुमाउनेछ, तर मेरो सुसमाचारको निम्ति आफ्नो प्राण गुमाउनेले त्यो बचाउनेछ ।

व्यवस्था ३०:१९ आज म स्वर्ग र पृथ्वीलाई तिमीहरुका विरुद्धमा साक्षी राख्दछु, कि मैले तिमीहरुका अगि जीवन र मृत्यु,आशिष र श्राप राखेको छु । अब जीवन नै रोज, ताकि तिमीहरु र तिमीहरुका बालबच्चाहरु जिउन सक ।

# तपाईले चाह गर्नुभएको कुरा तपाईले किन्न नसक्नुको कारण भनेको, तपाईले चहानुभएको कुरा तपाईले पहिलेबाटै किनीसक्नुभएको भन्ने हो

रुपियाँ पैसासितको समस्याहरु मध्ये एउटा यसलाई एकचोटी मात्र खर्च गर्न सकिने हो ।हामीलाई प्रायः महशुस नगरेको कुरा एउटा खरिदलाई सकारात्मक हुँदा अर्को प्रति नकारात्मक हुनुपर्दछ भन्ने हो । भावनाको आवेगमा गरिएको खर्च र बाध्यताबिच गरिएको खरिद विरलै मात्र एउटा राम्रो लगानीको स्रोत हुन्छ । परमेश्वरले हामी भण्डारेहरु भएको अपेक्षा गर्नुहुन्छ । ती कुराहरु जुन उहाँको हो भनी हामी देख्छौ, त्यसको मात्र होइन, तर ती कुराहरुको पनि, जुन हामी हाम्रो हो भनी भन्दछौं ।

धेरै पटक हामी चाहेको कुरा किन्न, किन हामी खर्च गर्न सक्दैनौ भने, हामीले आफूलाई चाहिएको पहिलेबाट नै किनिसकेका हुन्छौ । समस्या यो हो कि हामीले किनिसकेको कुरा फेरी पनि हामी किन्न चाहन्नौं, अथवा तबसम्मका लागि जबसम्म हामी अहिले त्यसको चाह गर्दैनौ । हामीले कही न कही खर्च माथि नियन्त्रण गर्नुपर्दछ । के खर्च माथि तपाईको नियन्त्रण छ वा तपाईमाथि यसको नियन्त्रणछ ? परमेश्वरले तपाईलाई मद्दत गर्न सक्नुहुन्छ ।

आजको प्रार्थनाः

पिता, जीवनको पासोहरु, विशेष गरी पैसाको दुष्टहरुका पासोहरुबाट मलाई जोगाउनुहोस् । तपाईले ममाथि खन्याउन चाहानुभएको आशिषहरुको एउटा असल भण्डारे बन्न कसरी मैले खर्चको एउटा योजना बनाउने भनी मलाई देखाउनुहोस् । मेरो भण्डारहरुमा तपाईको धनले भर्नुहोस् र अरुहरुका लागि एउटा आशिष हुन योग्यको मलाई बनाउनुहोस् ।

आजको बाइबल खण्डः

हितोपदेश १०:४ अल्छे हातहरुले माानिसलाई कङ्गाल तुल्याउँछन् , तर लगनशील हातहरुले सम्पति आर्जन गर्छन् ।

हितोपदेश १०:२२ परमप्रभुको आशिषले धन-सम्पति ल्याउँछ, अनि उहाँले त्यसमाथि दुःख थप्नुहुन्न ।

हितोपदेश ३:९-१० आफ्नो धन-सम्पति र आफ्ना सबै उब्जनीको अगौटे फलले परनप्रभुको आदर गर, तब तेरा ढुकुटीहरु पोखुन्जेल भरिनेछन्, र तेरा भाँडाहरु नयाँ मधले चुलिएर पोखिनेछन् ।

## तपाईले परिवर्तन भइरहेको देख्न नसक्नुहोला,तरैपनि कुराहरु भने परिवर्तन भइरहन्छन्

के तपाईसित दश बर्ष वा त्यो भन्दा बढी बर्षहरु देखि कहिल्यै भ्रमण नगर्नुभएको स्थानमा पुनः भ्रमण गरेको अनुभव छ ? सम्भवत तपाईलाई बिर्सिसकेको एक पूरानो मित्रलाई भेट्ने तपाईले अनुभव गर्नुभएको छ होला । परिवर्तन जुन समयकालको अन्तरमा भएको छ, त्यसले प्रत्येक दिन त्यसलाई देख्ने व्यक्तिको लागि विरलै ध्यान खिँच्ने भएतापनि, तर दैनिकरुपमा नदेख्ने व्यक्तिको लागि भने त्यो एउटा प्रभावयुक्त र चकित गराउने हुन्छ । जसै हामी दैनिक वचन अध्ययन गर्छौं, दैनिक प्रार्थनाको लागि भेला हुन्छौ र लामो समयसम्म लगातार प्रभुको सेवा गर्छौं, यही सिद्धान्त हाम्रो आत्मिक जीवनमा पनि लागु हुन्छ । हाम्रो नजिकका मित्रहरुका अनि हाम्रो परिवारको सदस्यहरुका जीवन परिवर्तन भएको कुरा हामीले अति ध्यान नदिएतापनि, परिवर्तन संधै भइरहन्छ । निराशा नहुनुहोस् र परमेश्वरसितको दैनिक सम्बन्ध व्यर्थको हो भनी आउने शत्रुद्धाराको सोचलाई महत्व नै नदिनुहोस् । तपाई अनि तपाईका वरिपरिका अरुहरु परिवर्तन हुन्छन् , जसै तपाई परमेश्वरको सिद्ध वचन पढ्नुहुन्छ र त्यस वचनलाई तपाईको जीवनमा लागू गर्नुहुन्छ । यी परिवर्तनहरु ती व्यक्तिहरु जसले तपाईलाई लामो समयदेखि भेटेका हुदैनन्, तिनीहरुले प्रायःजसो ध्यान दिइरहेका हुन्छन् ।

आजको प्रार्थनाः

पिता, म मेरो परिवार, मित्रहरु र मेरो आफ्नै जीवनमा पनि तपाईलाई भरोसा गर्नका लागि रोज्दछु । मलाई थाहा छ कि तपाईको वचन र आत्मा ममाथि कार्य गर्दैहुनुहुन्छ र दैनिकरुपमा म तपाईको प्रियपुत्रको प्रतिरुपमा परिवर्तन हुदैछु । मलाई अझ तपाई जस्तै बनाउनुभएकोमा तपाईलाई धन्यबाद छ ।

आजको बाइबल खण्डः

रोमी १२:१-२ यसकारण भाइ हो, परमेश्वरको कृपालाई ध्यानमा राखी म तिमीहरुलाई अनुरोध गर्दछु, कि तिमीहरुको आत्मिक उपासनाको रुपमा आ-आफ्ना शरीरलाई पवित्र र परमेश्वरलाई ग्रहणयोग्य हुने जिउँदो बलिको रुपमा अर्पण गर । यस संसारको ढाँचामा नचल, तर आफ्नो मनमा नयाँ भई पूर्णरुपले परिवर्तित होओ, र परमेश्वरको असल, ग्रहणयोग्य र सिद्ध इच्छा के हो त्यो तिमीहरुले जाँच्न सक ।

२ कोरन्थी ३:१८ हामी सबै घुम्टो हटाइएको मुहारले प्रभुको महिमा प्रतिबिम्बित गर्दछौ, अनि एउटा महिमादेखि अर्को महिमातिर उक्लदै उहाँको रुपमा बद्लिदैजान्छौ । परमप्रभुबाट यो आउँछ, जो आत्मा हुनुहुन्छ ।

# पापको शक्ति रहस्मय छ

परमेश्वर ज्योति हुनुहुन्छ अनि उहाँमा कुनै अन्धकार छैन । कोही पनि गएर एउटा जार भरिको अन्धकारलाई ल्याउन सक्दैन । अन्धकार भनेको अरु केही नभई ज्योति अनुपस्थित हुनु हो । पापको अस्थित्वको सिद्धान्त पनि यही नै हो । पाप भनेको अरु केही नभई धार्मिकताको अनुपस्थिती हुनु हो । जब हामी परमेश्वरको धार्मिकताबाट अलग हुन्छौ तब पाप हुन्छ । पापले यसको शक्तिलाई गुमाउँछ जब हामी परमेश्वरसित त्यस पापलाई अंगिकार गर्दछौ, पश्चाताप गर्दछौ, अनि परमेश्वरसित सही हुनका लागि फर्कनछौं ।

जहाँ ज्योति हुदैन पाप सजिलै ढाकिन्छ । पापको शक्ति रहस्यमय छ । पापले तपाईलाई बन्धक बनाउन नदिनुहोस् । पापले यसको शक्ति गुमाउँछ, जब यसलाई तपाईले परमेश्वरकहाँ लिएर आउनुहुन्छ, अनि तपाईको जीवनमा उहाँको वचनको ज्योति चम्काउनुहुन्छ ।

आजको प्रार्थना:

प्यारो स्वर्गीय पिता, मलाई थाहा छ कि मैले पाप गरेको छु र अब मेरा पापहरु तपाईसित म स्वीकार गर्दछु । म त्यसलाई छोड्दछु र टाढा हुन्छु । हे प्रभु, मलाई क्षमा गर्नुहोस्, अनि मेरो सबै अधार्मिकताबाट शुद्ध गर्नुहोस् । तपाईको शुद्ध वचनको पानीले मलाई धुनुहोस् । अब उप्रान्त पाप ममाथि पकड रहनेछैन । प्रभु तपाईलाई धन्यबाद छ ।

आजको बाइबल खण्ड:

यूहन्ना ३:२० किनभने दुष्ट काम गर्ने हरेकले ज्योतिलाई घृणा गर्छ, र ज्योतिमा आउँदैन, नत्रता त्यसका काम प्रकट हुनेछन् ।

रोमी ६:१४ किनकि पापले तिमीहरुमाथि राज्य गर्नेछैन, किनकि तिमीहरु व्यवस्थाको अधिनमा छैनौं, तर अनुग्रहको अधिनमा छौ ।

१ यूहन्ना १:९-१० यदि हामीले आफ्ना पापहरु स्वीकार गऱ्यौं भने उहाँले हाम्रा पाप क्षमा गर्नुहुन्छ, र सबै अधर्मबाट हामीलाई शुद्ध पार्नुहुन्छ, किनकि उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ । यदि हामीले पाप गरेका छैनौ भनी हामी भन्छौ भने हामी उहाँलाई झुटा तुल्याउँछौ, र उहाँको वचन हामीमा हुदैन ।

## हामीले सामना गरेको अति महत्वपूर्ण र फइदाजनक कुरा पहिला त कष्टको र असमान बोझको रुपमा देखिन सक्दछ

एक दिन एकजना मानिसले आफ्ना दुई भाई छोराहरुलाई लिएर शहर गए । ती छोराहरुले उनीहरुका पिताले कसरी व्यापार गर्दछन् र व्यापारीहरुसित कसरी उनले व्यवहार गर्छन् भनी ख्याल राखे । रातीको खाना खाँदा पिताले तिनीहरुलाई भेटे र त्यस दिनको पाठहरु उनका छोराहरुसँग बसी कुरा गर्न थाले । उनले तिनीहरुलाई कुनै दिन समाजमा तिनीहरुको स्थान बनाउनको लागि तयार गर्दैथिए ।

सडकमा हिड्दै गर्दा एउटा अपराधीलाई दण्ड दिनका लागि लगिदै गरेको तिनीहरुले भेट्टाए । त्यस अपराधी उनको बोझले लादिएको थियो । तिनीहरुको पितालाई सैनिकहरुले धम्काएका र त्यस अपराधीको कुस बोक्नलाई वाध्य बनाएको सबै छोराहरुले हेरिराख । कुरेनीको सिमोनलाई जस्तै हामीले सामना गरेको अति महत्वपूर्ण र फाइदाजनक कुरा पहिलो पटकमा त कष्टको र असमान बोझको रुपमा देखिन सक्दछ । यस्तो विश्वास गरिन्छ कि सिमोनका छोराहरु नै पछि गएर पहिलो शताब्दीको मण्डलीका प्रमुख अगुवाहरु भए ।

### आजको प्रार्थना

प्रभु, अर्को व्यक्तिको बोझ उठाउनु पर्दा गन-गन नगर्नका लागि मलाई सहायता गर्नुहोस् । तपाई र तपाईको सन्तानका लागि गरिने अटुट सेवा गर्न मलाई आवश्यक शक्ति र दया दिनुहोस् ।

### आजको बाइबल खण्ड

मत्ति २७:३२ जाँदा जाँदै तिनीहरुले सिमोन नाउँ भएको कुरेनीको एक जना मानिसलाई भेट्टाए, र तिनीहरुले त्यसलाई उहाँको कुस बोक्न कर लगाए ।

गलाती ६:२ एउटाले अर्काको भार उठाओ, र यसरी खीष्टको व्यवस्था पूरा गर ।

# परमेश्वरले तपाईद्धारा भएर दिन सक्नुहुने कुराको दुरुस्त अनुपातमा त्यही कुरा तपाईलाई पनि दिनुहुनेछ

के तपाईले कहिल्यै तपाईको जीवनको कुवा सुके जस्तो महशुस गर्नुभएको छ ? परमेश्वरबाटको प्रवाह र आशिषहरु रोकिएको जस्तो ? चाह धनहरु हुन कि प्रकाश, ज्ञान वा आनन्द, परमेश्वर कुनै असल कुरा उहाँको सामु धर्मी भएर हिड्ने जनको लागि रोकिराख्नुहुन्न । हुनसक्छ तपाईले आफैलाई जाँच्नुपर्छ । परमेश्वरको वचनको एउटा निश्चित सिद्धान्त के हो भने परमेश्वरले तपाईद्धारा भएर दिन सक्नुहुने कुराको दुरुस्त अनुपातमा तपाईलाई पनि त्यही कुरा दिनुहुनेछ । आफैलाई जाँच गर्दा, तपाईमा प्रवाह हुने तपाईबाट भएर प्रवाह हुनलाई रोकेकोले तपाईको जीवनमा परमेश्वरको भलाईहरुको प्रवाह रोकिएको छ कि छैन भनी हेर्न निश्चित हुनुहोस् । धेरै पटक हाम्रो जीवनको समुद्रमा नयाँ ताजा पानी आउन दिन सक्छौ जब हामी त्यसको प्रवाह स्वतन्त्रपूर्वक र सफारुपमा बगेको छ भने अरु बढी के तपाई इच्छा गर्नुहुन्छ ? अरुहरुको लागि एउटा प्रबन्धक हुनुहोस् र परमेश्वरले उहाँको प्रबन्ध तपाईको लागि गर्नुहुनेछ ।

आजको प्रार्थना:

प्रभु म एउटा आशिषित व्यक्ति हुन चाहान्छु । तपाईको अगुवाई अनुरुप म मेरो समय, शीप र धन दिनेछु । स्वर्गीय झ्यालहरु खोलेर  ममाथि आशिष खन्याउनुहोस् । तपाईको शान्ति र उपस्थिति थाहा गर्न मलाई सहायता गर्नुहोस् । तपाईको जिवित वचन मलाई सिकाउनुहोस् ।

आजको बाइबल खण्ड:

लूका ६:३८ देओ,र तिमीहरुलाई पनि दिइनेछ । मानिसहरुले प्रशस्त परिमाणमा खाँदी-खाँदी बेसरी हल्लाएर, पोखिने गरी तिमीहरुको पोल्टामा राखिदिनेछन् । किनकि जुन नापले तिमीहरु दिन्छौ, त्यही नापमा तिमीहरुले पनि फिर्ता पाउनेछौ ।

हितोपदेश १९:१७ गरीबप्रति दयालु हुनु, परमप्रभुलाई सापट दिनु हो र त्यसले जे गरेको छ, त्यसको इनाम उहाँले त्यसलाई दिनुहुनेछ ।

एफिसी ६:८ यो जानेर कि चाहे त्यो कमारा होस्, चाहे फुक्का, जसले असल काम गर्दछ, त्यसले प्रभुबाट सोही बमोजिम पाउनेछ ।

## परमेश्वरप्रतिको तपाईको उचित प्रतिकियामाथि केन्द्रित हुनुहोस्

परमेश्वर हामीबाट एउटा इच्छा( मौका )को अपेक्षा गर्नुहुन्छ । तर उहाँले हामीलाई उहाँको पुत्र, वचन र पवित्रआत्मा हामीलाई सिकाउन, अगुवाई गर्न र सुरक्षा दिनका लागि दिनुभएको छ । उहाँको आज्ञा किन नमान्ने भन्ने कुनै बहाना हामीसित हुनेछैन । जीवनको कुनै परिस्थितिले पनि परमेश्वरको अनादर गर्ने अधिकार दिदैन । हामी कति धर्मी भएर व्यवहार गर्ने भन्ने कुरालाई अरुहरुको कार्यहरुद्धारा निर्धारण गर्न सक्दैनौं ।

जब हामी जीवनको परिक्षा, जाँच, कष्ट र दबाबहरु सामना गर्दछौ, परमेश्वरप्रतिको हाम्रो उचित प्रतिकियामाथि केन्द्रित हुन हामी चनाखो हुनुपर्दछ । " येशूले भए के गर्नुहुन्थ्यो ?" भन्ने प्रश्न गराई कुनै पनि समस्याको एउटा तर्कसंगत पँहुच हो ।

आजको प्रार्थनाः

पिता, आफैलाई र अरुहरुलाई भन्दा बढी म तपाईलाई खुशी पार्न चाहन्छु । प्रभु अस्त व्यस्त मुद्धाहरुबाट भएर तपाईको वचनको सिद्धान्ततिर हेर्न मलाई सहायता गर्नुहोस् । जीवनको प्रत्येक परिस्थितिमा अरुहरुले के गर्छन होईन तर तपाईप्रतिको मेरो सही प्रतिकियामा केन्द्रित हुन मलाई सिकाउनुहोस् ।

आजको बाइबल खण्डः

रोमी १४:१०-१२ तिमी किन आफ्नो भाइको इन्साफ गर्छौ ? अथवा तिमी आफ्नो भाइलाई किन तुच्छ ठान्छौ ? किनभने हामी सबै परमेश्वरका न्याय-आसनको सामने खडा हुनेछौ । किनकि लेखिएको छ, प्रभु भन्नुहुन्छ, " जस्तो म जीवित छु, प्रत्येक घुँडा मेरो सामने टेकिनेछ र हरेक जिब्रोले परमेश्वरको प्रशंसा गर्नेछ ।" यसैले हामी हरेकले परमेश्वरलाई आफ्नो लेखा दिनेछौ ।

## हाम्रो पुरै जीवन हामी के विश्वास गर्छौं भन्ने कुराको एउटा अभिव्यक्ति हो

हामीसित भएको कुरालाई हामी के गर्छौं त्यसले हामी को हौ र के विश्वास गर्दछौ भन्ने कुराको निर्धारण गर्दछ । एउटा व्यक्तिले तपाईलाई विरलै मात्र वास्ता गर्दछ, जबसम्म तपाईले उसलाई वास्ता गर्नुहुन्छ भनी थाहा पाउँदैन । नहल्लिनुहोस्, एउटा व्यक्ति आफूले चाह नगरेको कुराको निम्ति मर्न राजी हुदैन ।

हाम्रो पुरै जीवन हामी के विश्वास गर्दछौ भन्ने कुराको एउटा अभिव्यक्ति हो । तपाइले एउटा कथा लेख्दै हुनुहुन्छ जुन एकदिन तपाईको नाति-नातिनाहरुले तपाईको बारेमा बताउनेछन् । तपाईको प्रत्येक छनौटद्धारा तपाईको जीवनको इतिहासको कथामा एउटा अध्याय थपिन्छ । आजैबाट बुद्धिमानी छनौटहरु गर्नुहोस् ।

आजको प्रार्थना :

परमेश्वर, तपाईले भन्नुभएको छ कि एउटा बुद्धिमान मानिसले उनको छोरा-नातिको लागि एउटा पैत्रिक सम्पति छोडेर जान्छ, अनि तपाईले यो पनि भन्नुभएको छ कि सुन र चाँदीभन्दा पनि बढी एउटा असल नाउँ कमाउनु उत्तम हुन्छ । पिता, म मेरो जीवनको कथा त्यस मानिसले बताएको चाहान्छु जो तपाईबाट आशिष हुन्छ अनि अरुहरुको लागि पनि आशिषको एउटा कारण बन्दछ । मेरो जीवनलाई कसरी अर्थपूर्ण बनाउने भनि मलाई देखाउनुहोस् ।

आजको बाइबल खण्डः

हितोपदेश २२:१ धेरै धन-सम्पतिभन्दा असल नाउँ रोज्नु वाञ्छनीय हुन्छ, सम्मानित हुनु चाँदी वा सुनभन्दा उत्तम हो ।

हितोपदेश १३:२२ असल मानिसले आफ्ना नाति-नातिनाहरुका निम्ति पैतृकसम्पति छोडिराख्दछ, तर पापीहरुको धन धर्मीहरुका लागि थुपारिन्छ ।

१ यूहन्ना ३:७ साना बालकहरु, कुनै मानिसले तिमीहरुलाई छल्न नपाओस् । जसले ठीक काम गर्छ, त्यो धार्मिक हो, जस्तो उहाँ धार्मिक हुनुहुन्छ ।

## परमेश्वरले हामीलाई आफ्नो आश्चर्यकर्ममा सहभागी हुनलाई माग गर्नुहुन्छ

२ राजा ४ अध्यायमा दिइएको एउटा सानो भाँडाको तेल मात्र भएको र एक मुट्ठी पिठो भएको विधुवाहरु र २ राजा ५ अध्यायमा दिइएको कुष्टरोगी नामनको घटनाबाट, परमेश्वरले उहाँमा विश्वास गरेको र उहाँको वचन अनुसार कार्य गरेको हामीबाट अपेक्षा गर्नुहुन्छ। हामी जहाँ छौ त्यहीबाट हामीले शुरुवात गर्नुपर्दछ, हामीसित जे छ त्यसलाई लिनुपर्दछ , अनि त्यसबाट हामीले के कुरा राम्रोसित गर्न सक्दछौ त्यही गर्नुपर्दछ। परमेश्वरले हामीलाई भेट्नुहुनेछ र फरक बनाउनुहुनेछ।

परमेश्वरले हामीलाई आफ्नो आश्चर्यकर्ममा सहभागी हुनलाई आह्वान गर्नुहन्छ । हामी परमेश्वरको कामको एउटा विश्वासयोग्य कामदार हुनुपर्दछ, तर खाली सुन्ने स्रोता मात्र होइन । परमेश्वरले तपाईको हातको काममा आशिष दिनुहुनेछ, ताकि तपाईको सबै काममा तपाई सफल हुनुभएको होस् ।

<u>आजको प्रार्थना:</u>

हे परमेश्वर, मेरो हातको काममा आशिष दिनुहोस् । म प्रण गर्दछु कि म अल्छी हुनेछैन न वाधक नै, तर म जहाँ छु त्यहीबाट शुरु गर्नेछु, मसित जे छ त्यसलाई नै लिनेछु र मैले गर्न सक्ने सबैभन्दा उत्तम काम म गर्नेछु । मेरो यात्रामा आश्चर्यकर्महरु हुन दिनुहोस् । तपाईको प्रशस्त आशिषहरुले मलाई वृद्धि गराउनुहोस् । म तपाईको वचन पालन गर्ने व्यक्ति हुनेछु ।

<u>आजको बाइबल खण्ड:</u>

भजनसंग्रह १२७:१ परमप्रभुले नै घर नबनाउनुभए त बनाउनेहरुले गरेको परिश्रम व्यर्थ हुन्छ । परमप्रभुले शहरको रक्षा नगर्नुभए त, पालेहरुले गरेको रखवाली व्यर्थ हुन्छ ।

१ कोरन्थी १५:५८ यसकारण मेरा प्रिय भाइ हो, स्थिर र अटल रहो । प्रभुको काममा सधैं बढ्दै जाऔं । किनकि तिमीहरु जान्दछौ, कि प्रभुमा तिमीहरुको परिश्रम व्यर्थ हुदैन ।

भजनसंग्रह १:३ त्यो खोलाको किनारमा रोपेको बोटजस्तै हुन्छ, जसले आफ्नो ऋतुमा फल दिन्छ, अनि जसको पात कहिल्यै ओइलाउदैन । त्यसले जे पनि गर्छ, त्यसमा त्यो सफल हुन्छ ।

## येशू प्रभु हुनुहुनेछ, या त विजयद्धारा वा राजीखुशीमा ( सहमतिद्धारा )

ब्रम्हाण्डमा परमेश्वरको शक्तिभन्दा अरु ठूलो शक्ति छैन र उहाँले आफ्नो पुत्र येशूलाई दिनुभएको छ । एकदिन उहाँको सामु हरेक घुँडा टेक्नेछन् । र हर जिब्रोले येशू नै प्रभु हुनुहुन्छ भनी स्वीकार गर्नेछ । यो एउटा सत्य हो र यो निश्चित रुपमा हुनआउनेछ ।

येशू प्रभु हुनुहुनेछ, या त विजयद्धारा वा राजीखुशीकासाथ ती जसले उहाँलाई चिन्दछन् र उहाँलाई प्रेम गर्दछन्, बिना कुनै भय वा त्रास तिनीहरुको जीवन उहाँको प्रभुत्वमुनि रहनलाई सर्मपण गर्नेछन् । यद्दपि, ती जो हठी हुन्छन् र दुष्ट इच्छामा नै रहिरहन्छन्, तिनीहरुको आत्माको निम्ति त्यस स्थान जहाँ मानिसहरुका हराएका आत्माहरु येशू नै प्रभु हुनुहुन्छ । आजै उहाँलाई आदर देओ...उहाँ विजयी हुनुहुन्छ भनी कराईरहेका छन्, त्यस स्थानले पर्खिरहेकोछ ।

आजको प्रार्थनाः

पिता, मैले तपाईको पुत्रलाई मेरो मुक्तिदाताको रुपमा स्वीकार गरेको छु अनि अब नयाँ गरी मेरो जीवन उहाँलाई पुनःसुम्पन चाहान्छु । उहाँ मेरो प्रभु हुनुहुन्छ । म खुशीपूर्वक उहाँको दस्तुर (तिरो) दिनेछु, र मेरो मालिक र चाँडै आउँदै गर्नुभएको राजाको रुपमा उहाँको आज्ञाकारी र प्रेमकासाथ उहाँको सेवा गर्ने प्रण गर्दछु ।

आजको बाइबल खण्डः

लूका ६:४६ मैले भनेका कुरा गर्दैनौ भने किन मलाई प्रभु, प्रभु भन्दछौ ?

मत्ति ७:२१ मलाई प्रभु प्रभु भन्ने सबै स्वर्गको राज्यमा प्रवेश गर्नेछैनन् । स्वर्गमा हुनुहुने मेरा पिताको इच्छा पालन गर्ने मानिसले मात्र परमेश्वरको राज्यमा प्रवेश गर्नेछ ।

फिलिप्पी २:१०-११ कि स्वर्गमा, पृथ्वीमाथि, र पृथ्वीमुनि भएका हरेक प्राणीले येशूको नाउँमा घुँडा टेक्नुपर्छ, र हरेक जिब्रोले परमेश्वर पिताको महिमाको निम्ति येशू खीष्टलाई प्रभु भनी स्वीकार गर्नुर्पदछ ।

## लड्नुले मात्र तपाईलाई असफल बनाउने होइन, लडेकै अवस्थामा बसिरहनुले चाँहि असफल बनाउँछ

कल्पना गर्नुहोस् कि हामी सबै एकसाथ हाम्रो मण्डलीतिरको बाटोमा हिडिरहेका छौं । मानिलिनुहोस् कि मैले बाटोमा हिड्दाखेरि केहि कुल्चे अनि लडें । मैले आफैलाई धेरै चोट नपुऱ्याएको भएतापनि, मेरो गर्वलाई चोट पुगेकोछ, अनि म निराश छु । तपाईले मद्दत गर्ने प्रयत्न गर्नुभयो तर म लडेंको ठाँउमा नै म त्यसै रहिरहदाँ, अन्तमा मैले तपाईलाई म बिना एक्लै जानुहोस् भनी राजी गरें ।

अर्को हप्ता मण्डलीको बाटोमा पुनःएकपटक म लडेको स्थानमा म जस्ताका त्यस्तै अझै लडिरहेको नै देख्नुभयो । अनि कमजोर र खिन्नलाग्दो त्यस अनुभवबाट मेरो असफलताको वियोग तपाईलाई सुनाउछु । मैले जति सक्दो प्रयत्न गरे तर म मण्डलीसम्म पनि जान सकिन । तपाईले के सल्लाह दिनुहुन्थ्यो ? उठ्नुहोस् ! लड्नुले मात्र तपाईलाई असफल बनाउदैन तर त्यतिकै लडिकन बसिरहनुले तपाईलाई असफल बनाउँछ ।

आजको प्रार्थनाः

परमेश्वर, म आफैलाई तपाईको दृष्टिबाट हेर्न सिकाउनुहोस् । म तपाईको बालक यस जीवनको हिंडाई सिक्दैछु । र जीवनको दौड दौडने प्रयासमा छु । असफलता विशेषगरी म लडेको र उठ्ने प्रयासको अवस्थामा, त्यसलाई परहेज गर्न र आफैलाई साफ गरी पुनःप्रयत्न गर्न मद्दत गर्नुहोस् । प्रभु तपाईलाई धन्यबाद होस् ।

आजको प्रार्थनाः

भजनसंग्रह ३७:२३ यदि परमप्रभुलाई मानिसको मार्ग मन पऱ्यो भने उहाँले त्यसका पाइला दह्रिला पार्नुहुनेछ ।

हितोपदेश २४:१६ किनभने धर्मी मानिस सातै पटक लोट्यो भने पनि फेरि उठ्छ, तर दुष्टहरु विपत्तिले ढालिजान्छन् ।

## ती जसले नरक छ भन्ने कुरामा विश्वास गर्दैनन्, तिनीहरु, ती जसले नरकको अस्तित्वमा विश्वास त राख्छन् तरपनि, अरुहरुलाई त्यसको बारेमा बताउँन भने कुनै ब्याध्यता महशुस गर्दैनन्, ती हानिकारक हुन्छन्

त्यो कस्तो परमेश्वर हुनुहुन्छ जसले अस्तित्व नै नभएको कुराको निम्ति आफ्नो पुत्रलाई क्रुसको क्रुर मृत्युवरण गर्न पठाउनुहुन्छ ? मेरो प्रिय मित्र, नरकको अस्तित्व छ !

मृत्यु र तल खसालिएका स्वर्गदुतहरुका साथ सदाको लागि परमेश्वरबाट अलग भई आगोको भट्टी सबै मानवजाति जसले तिनीहरुसित एउटा अवसर भएको भएतापनि, येशू नै प्रभु हुनुहुन्छ भनी स्वीकार गर्न मानेन्, तिनीहरुको अनन्तको बासस्थान हो । नरकको त्रासको एउटा गवाही हुने प्रत्येक विश्वासी कर्तव्य मात्र नभई, तर स्वर्गको आशिषहरु र त्यहाँ कसरी पुग्ने भन्ने कुराको एउटा गवाही पनि हुनुपर्दछ । ती जसले नरक छ भनी विश्वास गर्दैनन; ती जसले नरकको अस्तित्वमा विश्वास त राख्छन् तरपनि, अरुहरुलाई त्यसको बारेमा बताउँन भने कुनै ब्याध्य छैनन्, ती हानिकारक हुन्छन् । हामी जससित ज्योति छ, अरुहरुका लागि अनन्त जीवनको मार्गमा चम्कनु पर्दछ । के तपाईले आफ्नो भूमिका निभाउँदै हुनुहुन्छ ?

आजको प्रार्थना:

पिता, आज आत्माहरु खतरामा परेका छन् । मजदुरहरुको आवश्यकता परेको छ । कटनीको लागि हृदयहरुलाई तयार गर्नुहोस् र मलाई खेतमा कटनी गर्नका लागि पठाउनुहोस् । आज कुनै एक व्यक्ति देखाउनुहोस् जसलाई म साक्षी दिन सक्छुँ । ढोका खोलिदिनुहोस् र बोल्नको लागि ठीक शब्दहरु मलाई दिनुहोस् । खीष्टको सु-समाचारसित म लज्जित हुनेछैन ।

आजको बाइबल खण्ड:

प्रकाश २०:१५ जसको नाउँ जीवनको पुस्तकमा लेखिएको भेट्टाइएन त्यो अग्नि-कुण्डमा फालियो ।

लूका १०:२ उहाँले तिनीहरुलाई भन्नुभयो," फसल त प्रशस्त छ, तर खेतालाहरु थोरै छन् । यसकारण फसलका प्रभुलाई प्रार्थना गर, र उहाँले आफ्नो खेतालाहरु पठाइदिऊन् ।

रोमी १:१६ किनकि सु-समाचारसँग म शर्माउँदिनँ । किनभने विश्वास गर्ने प्रत्येकका मुक्तिको निम्ति यो परमेश्वरको शक्ति हो, पहिले यहूदीहरुका निम्ति र अन्यजातिहरुका निम्ति पनि ।

# तपाईको जीवनको लागि परमेश्वरको आशिषको खजना, तपाईको जीवनको लागि परमेश्वरको इच्छाको खेतमा पाउन सकिन्छ

तपाईको लागि परमेश्वरसित एउटा इच्छा र उद्देश्य छ। प्रत्येक व्यक्ति अनि हरेक विजयको लागि त्यहाँ एउटा आशिष र प्रबन्धको स्थान छ। अब्राहमले परमेश्वरलाई " यहोवा यायेरे" परमेश्वर भनी बोलाए। त्यसको साधारण अर्थ " मलाई जुटाउनु हुने मेरो परमेश्वर " भन्ने हो। " परमेश्वरको पहाडमा जुटाईनेछ।"

परमेश्वरले हाम्रो लागि त्यस स्थान जहाँ हामी जीवनभरि नै रहिरहेको उहाँ चाहानुहुन्छ , त्यस स्थानमा प्रबन्ध गरिदिनुभएकोछ। तपाईको जीवनको लागि परमेश्वरको आशिषको धन, तपाईको जीवनको लागि परमेश्वरको इच्छाको खेतमा पाउन सकिन्छ। याद राख्नुहोस् कि भौगोलिक प्रकृतिको कुनै कुरा विरलै मात्र हुन्छ। तपाईलाई आवश्यक भएको परिवर्तन औषधि अरु केही नभई तपाईको व्यवहार वा मनको एउटा सुधार मात्र पनि हुनसक्छ।

आजको प्रार्थना:

परमेश्वर, मेरो जीवनप्रतिको तपाईको इच्छाको केन्द्रबिन्दुमा म हुन चाहान्छु। मसित बोल्नुहोस् र म कहाँ भएको तपाई चाहानुहुन्छ, म कस्तो भएको तपाई चाहानुहुन्छ, अनि मैले के गरेको तपाई चाहानुहुन्छ भनी देखाउँनुहोस्। मलाई सपनाहरु र दर्शनहरु दिनुहोस्, तपाईको वचनद्धारा र तपाईको आत्माबाट मसित बोल्नुहोस्। ममा तपाईको इच्छालाई निश्चित गर्नुहोस्।

आजको बाइबल खण्ड :

उत्पति २२:१४ यसकारण अब्राहमले त्यस ठाँउको नाउँ " परमप्रभुले जुटाउनुहुन्छ" राखे। "परमप्रभुको डाँडामा जुटाइनेछ " भनी आजपर्यान्त भनिन्छ।

१ राजा १७:९ "अब झटै सीदोनका सारपतमा गएर त्यहाँ बस्। तँलाई खुवाउन मैले त्यस ठाउँमा एउटा विधुवालाई आज्ञा गरेकोछु।"

भजनसंग्रह ८४:११ किनकि परमप्रभु परमेश्वर सूर्य र ढाल हुनुहुन्छ, परमप्रभुले निगाह र इज्जत प्रदान गर्नुहुन्छ। सत्य मार्गमा हिड्नेहरुलाई परमप्रभुले कुनै भलो थोकबाट वञ्चित राख्नुहुन्न।

## हाम्रो आर्कषक क्षमताले ले गर्दा परमेश्वरको लागि हामीलाई मूल्यवान् बनाउने होइन, तर हाम्रो चरित्रले उहाँको लागि हामी मूल्यवान् हुन्छौ

" क्यारिस्म्याटिक" ती व्यक्तिहरुलाई दिइएको एउटा नाम हो । जसभित्र एउटा विजयीपन छ । मुस्कान, आत्मा-विश्वास, त्यो समझशक्ति जुनद्धारा तिनीहरु कहाँ जाँदैछन् र कसरी जाने भनी तिनीहरुलाई थाहा छ । यी सबै कारणहरुले गर्दा नै मानिसहरु तिनीहरुको वरिपरि झुम्मिन मन पराउँछन् । क्यारिसम्याटिक मानिस निम्न कुराको आह्वान गर्छन् ।

हाम्रो क्यारिसमा ( आर्कषण गर्न सक्ने क्षमता ) ले गर्दा परमेश्वरको लागि हामीलाई मूल्यवान् बनाउने होइन, तर हाम्रो चरित्रले हामीलाई मूल्यवान् बनाउँछ । क्यारिसमाले हामी केही हदसम्म सफल, परिचित वा लोकप्रिय बनाउन सक्ला, तर त्यही रहिरहन भने चरित्रको आवश्यकता पर्दछ । एकै समानको बाहिरी चित्रणको गुणहरु भन्दा बढी इमान्दारीता, भक्ति, सत्यता र खीष्टियन नैतिकतामा सर्मर्पित भित्री सर्मपणले हाम्रो चरित्रलाई विकास गर्न टेवा पुऱ्याउँछ । परमेश्वरले हाम्रो चरित्रलाई नै हेर्नुहुन्छ ।

### आजको प्रार्थना:

आजको मेरो प्रार्थना पिता यही छ कि मैले गर्ने र भन्ने सबै कुराहरुमा तपाइलाई प्रशन्न पार्न सकुँ । म खीष्ट जस्तै चरित्र हुने व्यक्ति हुनका लागि प्रण गर्दछु । जीवनको दवाबहरुले मेरो जिम्मेवारीहरुलाई अगुवाई गर्नलाई म अनुमति दिनेछैन् । ठेस लागेर लड्नबाट जोगिन मलाई मद्दत गर्नुहोस् । मेरो ह्रदयलाई तपाईको वासस्थान बनाउनुहोस् ।

### आजको बाइबल खण्ड

मत्ति २३:२६-२८ अन्धा फरिसी हो, पहिले कचौरा र थालको भित्रपट्टि सफा पार, र तिनको बाहिरपट्टि पनि सफा होस् । धिक्कार तिमीहरुलाई, शास्त्री र फरिसी हो, पाखण्डीहरु ! किनकि तिमीहरु चुना लगाईराखेका चिहानहरुजस्ता छौ, जो बाहिरपट्टि सुन्दर देखा पर्छन । तर भित्रपट्टि भने मरेका मान्छेहरुका हाडहरु र सबै अशुद्धताले भरिएका हुन्छन् । यसरी नै तिमीहरु पनि बाहिर भने मानिसहरुका सामने धर्मी देखा पर्दछौ, तर भित्र भने कपट र दुष्टताले भरिएका छौ ।

## कहिलेकाही एउटा व्यक्तिले गर्ने अति असल काम भनेको छोटो समयका लागि निदाउनु हो

बाइबल भरि नै, परमेश्वरले उहाँका सन्तानले आराम र शान्तिको समयको तालिकालाई पहिचान गर्नका लागि उत्साहित गर्नुहुन्छ र आज्ञा पनि गर्नुहुन्छ । दैनिक जीवनको कार्यहरुबाट विश्राम लिनु भन्दा बाहेक अरु केहीले पनि मन र शरीरलाई ताजा बनाउन सक्दैन ।

मानवको इतिहासमा नै मानिस यतिका व्यस्त कहिल्यै भएको छैन, एउटा कुराबाट अर्कोतिर कुद्दै गरेको, यो विश्वासका साथ कि एक दिन सबै आरामदायी हुनेछ । हतासमित थप भएका अरु कुराहरु नोकरी, स्कूल, परिवार, तिरो र सामाजिक जीवनका दबाबहरु हुन् । तनाबले मानसिक र शारीरिक रोग ल्याउँछ भन्ने कुरामा कुनै अचम्मित हुने कुरै छैन । र जुन हर समय उच्च रहिरहन्छ । कहिलेकाही एउटा व्यक्तिले गर्ने अति असल काम (धार्मिकताको काम) भनेको छोटो समयका लागि निदाउनु हो । एकदिन बिश्राम लिनुहोस् । यो परमेश्वरको पद्दति हो ।

<u>आजको प्रार्थना:</u>

पिता, व्यक्तिगत आराम र शान्तिको लागि तपाईबाटको ज्ञानलाई नपछ्याएकोमा मलाई क्षमा गर्नुहोस् । हतारपनाबाट एकछिन विश्राम गर्न र यात्राको एकदिन बसेर अर्थपूर्णरुपमा आन्नद लिन अनि आउने कुराको लागि ताजा हुन मलाई मद्दत गर्नुहोस् । मेरो तनावहरु हटाइदिनुहोस् । अनि मेरो जीवनलाई शान्तिले भरिदिनुहोस् ।

<u>आजको बाइबल खण्ड:</u>

मत्ति ११:२८ " हे सबै थाकेका र बोझले दबिएका हो, म कहाँ आओ, म तिमीहरुलाई विश्राम दिनेछु । "

लूका १०:३९-४२ मरियम नाउँ भएकी तिनकी एउटी बहिनी थिइन् । तिनी येशूका पाउनेर बसेर उहाँको वचन सुन्दथिइन् । तर मार्था सेवा-सत्कारको धेरै काममा अल्झेकी थिइन् । तिनले येशूकहाँ आएर भनिन्, प्रभुज्यू, मेरी बहिनीले सेवा-सत्कारको काममा मलाई एक्लै पारेकी छिन्, तपाई वास्ता राख्नुहुन्न ? त्यसलाई भनिदिनोस्, र त्यसले मलाई सघाओस् । तर येशूले जवाफ दिएर तिनलाई भन्नुभयो, " मार्था,मार्था, तिमी धेरै कुराका विषयमा चिन्ता गर्छयौ, र व्याकुल हुन्छयौ । तर आवश्यकता एउटै कुराको छ, त्यही असल कुरा मरियमले छानेकी छे, जो उसबाट खोसिनेछैन ।"

भजनसंग्रह १२७:२ भोजनको निम्ति परिश्रम गर्नलाई बिहान सबेरै उठनु,र राती अबेर सुत्न जानु व्यर्थ छ, किनकि उहाँले आफना प्रियहरुलाई निद्रा दिनुहुन्छ ।